फोन नं. ४२११९९१,४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानीः-

सिंहदरबार, काठमाडौं
नेपाल

मितिः- २०७९/०४/२६

## प्रेस विज्ञप्ती

**"कतार प्रहरीको नाममा फेरी ठगीधन्दा शुरू"** भन्ने शिर्षकमा केही पत्रपत्रिकाले श्रम, रोजागर तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र स्वयं यस मन्त्रालयका माननीय मन्त्रीज्यूको नाम जोड्ने गरी समाचार प्रसारण भएको प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

हालैका दिनमा स्वदेशी तथा वैदेशिक रोजगारीमा सुधार गरी सुरक्षित, भरपर्दो, निष्पक्ष, पारदर्शी, मर्यादित र न्यायिक व्यवसाय बनाउने सिलिसलामा प्रसस्त कार्यहरु भएको यहाँहरु सबैलाई जानकारी नै छ । साथै माननीय मन्त्री र सचिवबाट निरन्तर रुपमा वैदेशिक रोजगारीले कोही पनि निर्धन र निमुखा सर्वसाधारण कसैबाट ठगिनु नपरोस् भनी यस क्षेत्रमा प्रविधिमैत्री श्रम प्रशासन सिर्जना गर्ने, श्रम स्वीकृतीमा दिन र समय घटाउने, वैदेशिक रोजगार नीतिका जटिल प्रावधानलाई सरलीकरण गर्ने, विभिन्न मुलुकसँगको श्रम सम्झौता नवीकरण गर्ने, सीप विकास तालिममा तथा प्रशिक्षणको नीतिमा परिमार्जन गरी दक्ष जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा प्रोत्साहन गर्ने, भिजिट भिषामा कामदार पठाउने प्रवृत्तिमा नियन्त्रण गर्ने, वैदेशिक रोजगारीको वहानामा हुने ठगी नियन्त्रण गर्न मन्त्रालयमा मार्सल कार्यदल, वैदेशिक रोजगार विभागमा Rapid Response Team गठन, गुनासो सुन्ने कल सेन्टर २४ सै घण्टा चल्ने व्यवस्था गरी त्यसको निरन्तर सम्बोधन गरी व्यवस्थित कानून सम्मत, अनुशासित र पारदर्शी व्यवसाय सञ्चालन गर्ने वातावरण सिर्जना गर्न लागि परेको अवस्थामा केही पत्रिकाबाट विना प्रमाण, कपोकल्पित, काल्पनिक समाचार प्रसारण गरी मन्त्रालय र स्वयं माननीय मन्त्रीज्यूको नाम समेत जोडेर वैदेशिक रोजगार प्रणालीमा भ्रम सिर्जना गर्ने, व्यक्तिगत चरित्र हत्या गर्ने काम भएकोमा खेद प्रकट गर्दै यसबाट भ्रममा नपर्न सबै प्रति सादर अनुरोध गर्दछौं । साथै यस कार्यमा यस मन्त्रालय र माननीय मन्त्रीज्यूको कुनै पनि किसिमको संलग्नता नरहेको जानकारी गराउँदछौं ।

त्यसैं गरी वैदेशिक रोजगार विभागबाट संलग्न रहेको उक्त संस्था AL-Tauqet Overseas, Nepal Pvt.Ltd (इजाजत पत्र नं. 279/058/59) मा यही मिति २०७९/०४/२५ मा आकस्मिक अनुगमन गरी सो सम्बन्धी कार्य शंकास्पद देखिएकोले यस सम्बन्धी कागजातहरु वरामद गरेको र बाँकी अन्य आवश्यक अनुसन्धान कार्य समेत भैरहेको व्यहोरा अनुरोध छ ।

साथै यस्ता किसिमका शंकास्पद क्रियाकलापहरु सञ्चालन गरी व्यवसायलाई नै बदनामी गराउने र अमर्यादित तुल्याउने कार्य कसैबाट पनि नगर्नु नगराउन हुनाका लागि मन्त्रालय हार्दिक अनुरोध गर्दछ । मन्त्रालयले यस किसिमका क्रियाकलाप सञ्चालन गरेको फेला पारेमा प्रचलित ऐन कानून अनुसार सख्त कार्वाही गर्ने व्यहोरा समेत सबैको जानकारीका लागि अनुरोध छ ।

..................................
(डण्डुराज घिमिरे)
सहसचिव/प्रवक्ता